# एडिबीको सार्वजनिक सञ्चार नीति समिक्षा सुरु

एसियाली विकास बैंकले २००५ मा स्वीकृत भएको सार्वजनिक सञ्चार नीति (पिसिपी) को वृहत समिक्षा गरिरहेको छ । एडिबी सदस्य मुलुकस्थित चासो राख्ने विभिन्न पक्षसँग माग गरिएको सुझावलाई समावेश गर्ने गरी सहभागीमूलक ढंगबाट नीतिको समिक्षा गरिनेछ । संशोधित नीतिमाथि छलफलका लागि एडिबीको सञ्चालक समितिमा २०११ को पहिलो त्रैमासमा पेस हुने अपेक्षा गरिएको छ ।

एडिबीले १५ अप्रिल २०१० सम्ममा चालु पिसिपीमाथि टिप्पणी गर्न तथा सुझाव पठाउन सर्वसाधारणलाई आह्वान गरेको छ । प्राप्त सुझाव तथा टिप्पणीहरुलाई २०१० को दोस्रो त्रैमासमा विभिन्न सदस्य मुलुकमा हुन गइरहेको सार्वजनिक परामर्श कार्यक्रममा छलफल हुने पहिलो संशोधित मस्यौदा तयारीमा प्रस्तुत गरिनेछ । समिक्षाको समय तालिका यसैसाथ संलग्न गरिएको छ ।

प्रभावकारी वाह्य सम्बन्ध र सूचनामा पहुँच सुदृढ हुनुपर्छ भन्ने पिसिपीको आग्रह हो । यो गोप्य राख्नुपर्ने उचित कारण भएको अवस्थामा बाहेक सूचनाको प्रवाह हुनुपर्छ भन्ने मान्यतामा आधारीत छ । प्रभावित जनसमुदाय र सहभागीमुलक विकासमा नीतिले जोड दिएको छ ।

२००५ मा पिसिपी स्वीकृत भएदेखि एडिबीले नीति कार्यान्वयनका सम्बन्धमा वार्षिक समिक्षा प्रतिवेदन तयार पार्ने र प्रकाशित गर्ने गर्दै आएको छ । पिसिपीमा सिकिएका पाठ प्रतिविम्बित भएको र एडिबीको विकासलाई समिक्षा प्रक्रियाले सुनिश्चित गर्नेछ । यसले वाह्य सरोकारवालालाई पिसिपीको प्रभावकारीता सुधारमा आफ्नो विचार तथा सुझाव राख्ने अवसर पनि दिनेछ ।